फोन नं. ०१-५४२१३५९, ५४२६२७६,
sqccnepal@gmail.com
वेभ साइटः www.sqcc.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर

पत्र संख्याः २०८१/८२ मितिः २०८१/०४/२५
चलानी नम्बरः ८५

**विषयः सफ्टवयेर मार्फत् बासलातमा गँहु/मुसुरो/ तोरी बालीको श्रोत बीउ माग तथा आपूर्ति विवरण प्रविष्ट गर्ने सम्बन्धमा ।**

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खुमलटार ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, सबै ।
श्री कृषि तथा खाद्य सुरक्षा सुधार आयोजना, ललितपुर ।
श्री कृषि विकास फार्म, चन्द्रडाँगी, झापा ।
श्री कृषि विकास फार्म, सुन्दरपुर, कञ्चनपुर ।
श्री कृषि ज्ञान केन्द्र/ कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, सबै ।
श्री स्थानिय तह, सबै ।
श्री मूल बीउ उत्पादक सबै ।
श्री उन्नत बीउ उत्पादक सबै ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८१/०८२ मा लगाइने गँहु/मुसुरो/ तोरी बालीको श्रोत बीउ (प्रजनन्, मूल र प्रमणित) को बासलात तयारीका लागि तहाँ निकायबाट हुने आपूर्ति विवरण मिति २०८१/०४/२७ गते देखि २०८१/०५/२४ गते सम्ममा Digitally Enabled Seed Information System (DESIS) सफ्टवयेरमा प्रविष्ट गर्नुहुन अनुरोध छ । तोकिएको समय भित्र सफ्टवयेरमा माग र आपूर्ति विवरण प्रविष्ट नगर्ने निकायलाई बासलातमा समावेश नगरिने व्यहोरा जानकारी गराइन्छ । साथै, श्रोत केन्द्रमा उपलब्ध हुने बीउको परिमाणका आधारमा बासलात तयार गरिने हुँदा बासलातमा तोकिए बमोजिमको बीउ आपूर्ति तथा प्राप्त हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सफ्टवयेरको वेभसाइट**

- बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुरको वेभसाइट www.sqcc.gov.np मा रहेको Program/System (कार्यक्रम/प्रणाली) अन्तरगत Seed Information system (बीउ सूचना प्रणाली) मा गई लग इन वा दर्ता गरी विवरण प्रविष्ट गर्न सकिनेछ वा सोझै seed.sqcc.gov.np मार्फत् लगइन (यस अघि username र password लिइसकेका) वा दर्ता (नयाँ प्रयोगकर्ता) गरी विवरण प्रविष्ट गर्न सकिनेछ ।

नोटः सफ्टवयेरमा आपूर्ति विवरण प्रविष्ट गर्ने क्रममा कुनै समस्या भएमा यस केन्द्रका देहायका कर्मचारीहरुलाई सम्पर्क गर्नुहुन समेत अनुरोध गर्दछु ।

१. रचना देव, बाली विकास अधिकृत, ९८४५१२५०९०
२. मित्र बन्धु भट्टराई, बागवानी विकास अधिकृत, ९८४११९२६५६
३. गणेश शिवाकोटी, कृषि अधिकृत, ९८५११९२९६३

२०८१/०४/२५
..........................
बेनु प्रसाद प्रसाई
प्रमुख (रा.प.प्र.प्रा.)